**भोक्राहा नरसिंह गाउँपालिकाको अध्यक्ष महेन्द्र प्रसाद यादवद्धारा प्रस्तुत गाउँसभाबाट पारित नीति, कार्यक्रम तथा वजेट**

ऐतिहासिक तथा यस गरिमामय सभाका गाउँ सभाका सदस्य ज्यूहरु, राष्ट्र सेवक कर्मचारी मित्रहरु तथा पत्रकार वन्धुहरु यस भोक्राहा नरसिंह गाउँपालिकाको गाउँ सभाको वैठकमा यस गाउँपालिकाको तर्फबाट तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।

नेपालको संविधान २०७२ को कार्यान्वयनसंगै स्थानीय तहको ऐतिहासिक निर्वाचनवाट जन प्रतिनिधीहरु निर्वाचित भएर आएपछि यस भोक्राहा नरसिंह गाउँपालिकाको ऐतिहासिक गाउँ सभामा दोस्रो वर्ष वजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव अनुभूति भएको छ। यस अवसरमा राजनीतिक तथा सामाजिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली व्यक्त गरी श्रद्धाशुमन चढाउन चाहान्छु। भोक्राहा नरसिंह गाउँपालिकामा क्रियाशिल राजनैतिक दलका पदाधिकारीज्यूहरु, पूर्व जनप्रतीनिधीज्यूहरु, समाजसेवी, वुद्धिजीवि, समाजका अगुवा व्यक्तिहरु जसले यस गाउँपालिकाको विभिन्न विकास निर्माणका कार्य र योजनाको क्षेत्रमा पूर्याउनु भएको सकरात्मक योगदान प्रति हार्दिक धन्यवाद दिन चाहान्छु। साथै यस क्षेत्रको विकास निर्माणका साथै विभिन्न क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नु हुने तपाई आम भोक्राहा नरसिंह गाउँवासी जन समुदायहरुमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु। यस गाउँपालिका सञ्चालनमा हामी जनप्रतिनिधीहरुलाई सहयोग गर्नु हुने यस गाउपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

यस भोक्राहा नरसिंह गाउँपालिकाले यस चालु आ.व. मा निकै ठूलो विपदको सामना गर्नु परेको थियो। त्यस विपदको घडिमा हामीलाई सहयोग गर्नु हुने जिल्ला दैवी प्रकोप उद्धार समिति, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, राजनीतिक दल, नागरिक समाज, समाजसेवी, युवा वर्ग, विभिन्न संघ संस्थाहरु, वडा अध्यक्षज्यूहरु, सदस्यज्यूहरु जलगायत अहोरात्र खटिने गाउपालिकाका सम्पूर्ण टिमलाई म हृदय देखि नै धन्यवाद दिन चाहान्छु।

नेपालको इतिहासको विकास क्रममा धेरै प्रकारका राजनैतिक सिद्धान्तहरुको प्रयोग तथा अभ्यासको अनुभव र सिकाईबाट वर्तमानमा पुनः नयाँ संविधान र त्यस अनुरुपको राजनैतिक व्यवस्था र अन्य समुह अघि वढ्ने क्रममा हामी स्थानीय तह भोक्राहा नरसिंह गाउँपालिकाको यस सभाबाट नयाँ नीति , कार्यक्रम र लक्ष्य सहीत आर्थिक विद्येयक प्रस्तुत गरी आ . व. २०७५/०७६ को लागी विनियोजन विद्येयक पारित गर्न गई रहेका छौं। तसर्थ, यस सभामा उपस्थित सम्पुर्ण गाउँसभा सदस्य ज्यूहरुले भोक्राहा नरसिंह गाउँपालिकाको सुशासन, आर्थिक सम्वृद्धी, न्यायपुर्ण लैङ्गिक समानता , समावेसीकरण , सन्तुलित र दिगो पूर्वाधार विकास सहित रचनात्मक सहयोग पुर्याउने आशा एवं विश्वासका साथ आ . व. २०७५/०७६ को यथार्थ स्थिती , नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहान्छु।

आदरणीय गाउँ सभा सदस्यज्युहरु,अव म यस गाउँपालिकाको विद्यमान अवस्थाको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## विद्यमान अवस्थाको समिक्षा:-

नेपालको संविधानको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ वमोजिम स्थानीय सरकारको गठन भएको हुँदा कार्य सम्पादन प्रक्रियामा सहजता भएको छ। निर्वाचित भएर जनप्रतिनिधिहरु आउदा विकासले गति लिएको अनुभूति नागरिकले गर्न थालेका छन्। विकासका दृष्टिकोणले अत्यन्त पछाडि रहेको यस भोक्राहा नरसिंह गाउँपालिकामा विकासका केहि पुर्वाधारहरु वन्न थालेका छन् । योजना निर्माणमा स्थानीय आवश्यकता , राष्ट्रिय लक्ष्य र उद्धेश्य अनुरुप प्राथमिकीकरण गर्ने प्रयास हुन थालेको छ। भौतिक पुर्वाधार निर्माण , सडक सञ्जालको गुरुयोजना र मापदण्ड निर्माण कार्य भईरहेको अवस्था छ। मानिसको जीवनसँग अत्यन्त महत्व राख्ने सरसफाई तथा चर्पीको प्रयोग गर्ने वानि वसाल्दै यस गाउँपालिकालाई

खुला दिशा मुक्त क्षेत्र घोषाणा गरिएको छ । सहरीकरण भएका क्षेत्रहरुमा सौर्य सडक वत्ती जडान गरी सहरी सौन्दर्य बढाउन थालिएको छ । ढल तथा वर्षातको पानीलाई व्यवस्थीत गर्न ढल व्यवस्थापन योजना निर्माण भईरहेको छ ।

**सबल पक्ष:-**

- कृषि क्षेत्रमा लगानीका लागि अत्यन्त  उर्वर भूमि रहेको छ ।
- व्यवसायिक तरकारी खेती  विकास गर्न सकिने ठूलो सम्भावना रहेको छ ।
- व्यवस्थित सहरीकरण गर्न सकिने सम्भावना रहेको छ ।
- सडक यातायात तथा ढल निकासका ठूला कार्यहरुलाई प्राथकमिकता निर्धारण गरी विकास गर्न सकिने सम्भावना रहेको छ
- यस गाउँपालिकाको जनसंख्यमा युवाहरुको वाहुल्यता रहेको हुँदा युवालाई विकासका कार्यमा लगाउन सकिने सम्भावना रहेको  छ ।
- नजिकमा कोशी टप्पु वन्यजन्तु आरक्ष तथा पूर्व पश्चिम लोकमार्गले छोएको हुँदा यस गाउँ पालिकालाई पर्यटकीय हवको रुपमा विकास गर्न सकिने छ ।
- पूर्वकै Emerging Economy ईटहरी धरान तथा विराटनगर जस्ता सहरवाट फाईदा  लिन सकिने सम्भावना रहेको छ ।

**कमजोर पक्ष:-**

- शैक्षिक अवस्था कम्जोर रहेको छ ।
- भूमिहिन मानिसहरुको सङ्ख्य वढी रहेको छ ।
- कृषिमा सिचाईको पहुँच सवै भूमीमा नभएको अवस्था छ ।
- पूर्वाधारहरुको विकासको अवस्था वस्ती स्तर सम्म पुग्न सकेको छैन ।
- आन्तरिक आम्दानीको श्रोत कम्जोर रहेको छ ।
- गरिवीको रेखा मुनीको सङ्ख्या वढी रहेको छ ।
- स्थानीय सम्भाव्यताको विषयमा कुनै खोजी तथा अध्ययनको हुन सकेको छैन ।
- सुविधा सम्पन्न स्वास्थ्य सेवा दिने अस्पतालको कमी रहेको छ ।
- पुराना मौलिक संस्कृतीको संर्वद्धनमा कुनै चासो देखिएको छैन ।

**अवसर :-**

- स्थानीय तहमा आफ्नै सरकार वनेको छ ।

- विकास निर्माणका लागि केन्द्रीय वजेटको भोलुम वढेको छ ।
- स्थानीय तह निर्माण पश्चात, नयाँ सोच, अधिकार र दायित्व सहितको निर्वाचित प्रतिनिधी वहालि भएको छ ।
- गाउँवासीहरुमा नयाँ आशा अपेक्षा र जागरुकता वृद्धी भएको अवस्था छ ।
- विकास निर्माणमा महिला, युवा, संघ संस्था र टोल समितिहरुको समुह क्रियाशिल र सहभागी हुन अग्रसर रहेका छन् ।
- सार्वजनिक जग्गा पर्याप्त भएको हुदा फुटबल, क्रिकेट, लगायत अन्य खेलहरुका मैदानहरु निर्माण गर्न  सकिने सम्भावना रहेको छ ।

**चूनौतीहरु :-**

- नेपालको संविधानको मर्म तथा स्थानीय सरकार सञ्चालन  ऐनले निर्दिष्ठ गरे वमोजिमको स्थानीय ऐन तथा कार्यविधिहरु वन्न ढिलाई भएको अवस्था रहेको छ ।
- प्रशासनिक तथा कार्यगत जटिलता रहेको छ ।
- कर्मचारी संख्या र कार्य क्षमता वृद्धि  तथा दरवन्दी अनुरुप कर्मचारी अभाव रहेको छ ।
- गाउँवासीहरुमा  विकास प्रतिको दायित्व वोध र अपनत्व विकास गर्नुपर्ने जिम्मेवारी रहेको छ ।
- साँघुरा सडक र वस्तीका  सडकहरू विस्तार गर्नु पर्ने अवस्था छ ।
- भोगचलनमा रहेका सार्वजनिक जग्गा संरक्षण र सदुपयोग गर्ने कार्य चुनौतीपूर्ण छ ।

**वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति :-**

- गाउँ कार्यपालिकाको वैठकवाट वजेट सिलिङ निर्धारण तथा मार्ग दर्शन हरेक वडा कार्यालयहरुमा पठाईएको
- वडा समितिको वैठक तथा वडा भेला ।
- वडा समितिको वैठक ।
- प्राथमिकताको छनौट ।
- विभिन्न समुह  र वडा स्तरीय समुदायहरुसँग छलफल अन्तरक्रिया गरी सुझाव संकलन ।
- पुनःवडा समितिको बैठक योजना पारित ।
- राजनीतिक दल, समाजसेवी वुद्धिजीवि तथा  अगुवा नागरिकहरुको रायसुझाव ।
- विषयगत समितिमा छलफल पारित
- गाउँ कार्यपालिकाको वैठकमा छलफल पारित
- गाउँसभामा प्रस्तुत

**आयोजना प्राथमिकिकरणका आधारहरु :-**

- दैनिक आवश्यकताका समस्या समाधानमा प्राथमिकता दिईने ।
- पारदर्शी प्रशासन जनतालाई शुसासनको अनुभूति दिइने ।
- सामाजिक, आर्थिक , गरिवी निवारण, रोजगारी मुलक र प्रविधि प्रयोग गर्ने आयोजनाको छनोट ।
- सार्वजनीक सेवा प्रवाह, गाउँपालिकाको संस्थागत विकास र असल शासनमा योगदान पुर्याउने ।
- दिगो पूर्वाधार विकास गर्ने आयोजना ।
- राजस्व परिचालनमा योगदान पुर्याउने ।
- मौलिक संस्कृती तथा रहनशहनको संरक्षण र  गाउँको सौन्दर्य प्रवर्द्धन गर्ने ।
- लैङ्गिक असमानता कम गरी समावेशिता शासन कायम गर्ने ।
- वालवालिका , वृद्ध , असहाय , विपन्न र पछौटेपन कम गर्ने ।
- शिक्षा, स्वास्थ्य, खेलकुद क्षेत्रका विकास ।
- सामाजिक सुरक्षा र दिगो शान्ति कायम ।

**१ लक्ष्य**

- गाउँपालिकालाई तरकारी, खाद्य उत्पादन, मासु, दूधमा आत्मनिर्भर बनाउने ।
- गाउँपालिकामा आधारभूत पूर्वाधारको विकास गर्ने ।
- गाउँपालिकामा लगानी मैत्री वातावरणको सृजनाद्वारा कृषि, उद्योग तथा व्यापार/व्यवसाय र पर्यटन प्रवर्द्धन गर्ने ।
- गाउँपालिकामा शिक्षा, स्वास्थ्य, रोजगारीको विकासका लागि उपयुक्त वातावरण निर्माण गर्दै उत्पीडित, असहाय, गरीब, बालबालिका, अशक्त, वृद्धवृद्धाहरुको हक अधिकार र सहभागिता सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने ।
- वातावरण संरक्षण र सम्बर्धन गर्दै स्वच्छ, सफा, हराभरा र सुरक्षित शहर निर्माण गर्न पूर्वाधार तथा भवनहरुको निर्माण कार्य प्रचलित निर्माण संहिता अनुसार गर्ने/गराउने ।
- डुबान र  कटानको समस्याबाट मुक्त गर्ने तथा विपद व्यवस्थापनलाई वैज्ञानिक वनाउने ।
- गाउँपालिका र वडा कार्यालयहरुको आन्तरिक क्षमता अभिवृद्धि गर्दै सेवा सुविधालाई प्रभावकारी एवं सर्वसुलभ बनाई जनउत्तरदायी स्थानीय सरकारको प्रत्याभुत गर्ने ।
- गाउँपालिकालाई अन्तरदेशीय व्यापारिक नाकाको रुपमा विकास गर्ने ।
- गाउँपालिकालाई वाल विवाह तथा दाईजो प्रथा मुक्त क्षेत्र घोषणा गर्ने ।
- प्राथमिक तहमा सत प्रतिसत वालवालिका  विद्यालय भर्ना गर्ने ।

**२ उद्देश्य :-**

- असल शासन, पारदर्शी प्रशासन निर्माण गर्ने ।
- लैङ्गिक समानता, न्यायपुर्ण, समावेशी र लोकतान्त्रिक संस्कारको विकास गर्ने ।
- दिगो पुर्वाधारको विकास र ग्रामिण सडक यातायात विस्तार गर्ने ।
- गाउँको मौलिक संस्कृती परम्परा र पहिचान, इतिहास, भौगोलिक सुन्दरता चिनारीको विकास प्रवर्द्धन गर्दै पर्यटन विकास गर्ने ।
- सिप तालिम उद्यमशीलता, रोजगार, आय आर्जन आर्थिक विकासका गतिविधि वृद्धि गरि समृद्दी तर्फ अग्रसर गराउने ।
- शिक्षित र सीपयुक्त जनशक्ती उत्पादन गर्ने ।
- सामाजिक सुरक्षा र दिगो शान्तीको कार्यक्रम अघी बढाउने ।

**उपस्थित गाउँसभा सदस्यज्यूहरु ,**

आ.व. ०७५/७६  को वजेट तर्जुमा गर्दा देहायका विषयहरुलाई प्रमुख नीतिगत मार्गदर्शनको रुपमा अवलम्बन गरिएको छ ।

- नेपालको संविधान, २०७२ ले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु ।
- नेपालको संविधान, २०७२ को अनुसुची ८ तथा ९ ले स्थानीय तहको लागि तोकेको राजस्व परिचालन सम्वन्धी खाका, खर्च जिम्मेबारीको क्षेत्र, अन्तरसरकारी हस्तान्तरणको विषय तथा स्थानीय तहको ऋण संरचनाको स्वरुप ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ठ गरेका विषयहरु
- यस गाउँपालिकाको प्रमुखको रुपमा जनता सँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समयमा जनतासँग गरेका वचनवद्धताहरु ।
- चौधौं योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु साथै दिगो विकासको रणनीतिले अवलम्बन गरेका तथ्य, सुचकांक  एवं प्राथमिकताहरु ।
- नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय विकास तथा सामान्य प्रशासन मन्त्रालय, वजेट सिलिङ, मार्गदर्शन एवम् निर्देशनहरु तथा सुझावहरु ।
- गाउँबासीहरुको माग, राय तथा सुझाव ।

आदरणीय गाउँ सभा सदस्यज्युहरु,अव म यस गाउँपालिकाले आगामी आ व मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

***क्षेत्रगत  नीतिहरु***

**(क)	भौतिक विकास**

**१.	सडक पूर्बाधार**

- प्राथमिकता प्राप्त सडकहरुलाई कालोपत्रे गरिने छ ।
- आवश्यकता र औचित्यका आधारमा आयोजनाहरुलाई प्राथमिकता निर्धारण गरी कार्य गरिने छ ।
- मुख्य सडकका चौक र बजारलाई व्यवस्थित गरिने छ ।
- सिटी सफारी र टेम्पोहरुको स्टेण्ड निर्माण तथा उचित व्यवस्थापन गरिने छ ।
- गाउँपालिकाको सम्पूर्ण बस्तीहरु ग्राभेल सडक संजालमा जेडिने छ ।
- गाउँपालिका तथा मुख्य आवास/बजार क्षेत्रमा भवन निर्माण संहिता कार्यान्वियन गरिने छ ।
- सडक निर्माण गर्दा वायो ईन्जिनियरिङ पद्दती अपनाइने छ ।
- सडक किनारमा अनिवार्य वृक्षारोपण गर्ने कार्य गरिने छ ।
- भोक्राहा चोकमा ट्राफिक लाईटको व्यवस्था गरिने छ ।
- गाउँपालिका कार्यालय भवन निर्माणका लागि आवश्यक जग्गा प्राप्तीको कार्यलाई निरन्तरता दिइ भवन निर्माण गरिने छ ।

**२. खानेपानी, सरसफाई तथा ढल**

- बजार क्षेत्रको नाली व्यवस्थित गर्न योजना निर्माण गरिने छ ।
- प्रत्येक विद्यालयमा वाल मैत्री तथा छात्रा मैत्री शौचालय निर्माण गरिने छ ।
- बजार केन्द्र र मुख्य बस्तीहरुमा सार्वजनिक शौचालय निर्माण गरिने छ ।
- गाउँपालिकामा फोहोर मैला नियमित संकलन गर्ने व्यवस्था मिलाइने छ ।
- फोहोर व्यवस्थापनमा जन परिचालन गर्न सचेतना अभिवृद्धि गरिने छ ।

**३. सिंचाई**

- माग र आवश्यकताका आधारमा सिंचाईका लागि नहर निर्माण गरिने छ ।
- भूमिगत जल सिंचाई आयोजनाको संभाव्यता अध्ययन गरिने छ ।
- स्यालो ट्युवेलहरुको निर्माण गरिने छ ।
- पकेट क्षेत्र सिंचाई योजना कार्यान्वियन गरिने छ ।
- कृषि विद्युतीकरण गरी सिंचाई विस्तार गरिने छ ।
- स्थानीय कुलो र नहरहरुको मर्मत संभार गरिने छ ।
- नयाँ भूमिगत सिंचाई आयोजनाहरु निर्माण गरिने छ ।

**४. विद्युत र संचार**

- गाउँपालिकामा विद्युतीकरणको कार्य पुरा गर्दै लगिने छ ।
- विद्युत प्रसारण लाईनको स्तरोउन्नती गरिने छ ।
- ग्रामिण क्षेत्रभित्र विद्युतीकरणका लागि नेपाल विद्युत प्राधीकरणसँग समन्वय गरी पोल वितरण गर्ने नीति लिइनेछ ।
- कृषि विद्युतीकरण गरिने छ ।
- मुख्य बजार केन्द्र र वस्तीहरुमा सडक वत्तीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिदै जागिने छ ।

- कार्यालयको सेवा प्रवाहमा प्रविधिको प्रयोग गरिने छ ।
- स्थानीय पत्रकारहरुको क्षमता विकासका लागि सहयोग गरिने छ ।

**(ख) सामाजिक विकास**

**१. शिक्षा**

- प्रत्येक विद्यालयमा भौतिक सुविधा विस्तार (कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला र बाहिरी वातावरण) कार्यक्रम संचालन गरिने छ ।
- विद्यार्थीको उपस्थिति, आवश्यकता र औचित्यका आधारमा अनावश्यक स्थानमा रहेका विद्यालयहरुलाई गाभिने छ ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान र वितरण गर्ने कार्य गरिने छ ।
- शिक्षक शिक्षिकाहरुलाई पुनर्ताजगी तालिम प्रदान गरिने छ ।
- प्रत्येक विधालयमा विधुतिय हाजीरीका ब्यवस्था मिलाइने छ ।
- लक्षित समूहका वालवालिकाहरुको Retention Rate वृद्धिका लागि छात्रवृत्ति सहयोगलाई निरन्तरता दिइने छ ।
- सामुदायिक सिकाई केन्द्रको क्षमता वृद्धि गरी प्रभावकारी रुपमा संचालन गर्न पहल गरिने छ ।
- यस गाउँपालिकामा रहेका माध्यमिक विद्यालयहरु मध्ये एस इ इ मा सवैभन्दा वढी अङ्क ल्याउने विद्यालयलाई पुरष्कृत गर्ने तथा वढी अङ्क ल्याउन सफल प्रत्येक विषयगत शिक्षकलाई पनि पुरष्कृत गरिने छ ।
- पुरष्कार र दण्ड प्रणालीलाई कडाईका साथ लागू गरिने छ ।
- हरेक विषयगत शिक्षक तथा प्रधानाध्यापकसंग कार्य सम्पादन सम्झौता गरी शैक्षिक गुणस्तर विकासमा पहल गरिने छ ।
- आवश्यकताका आधारमा प्राविधिक शिक्षालयहरु स्थापना गरिने छ ।

**२. स्वास्थ्य**

- प्राथमिक स्वास्थ्य केन्द्रमा भौतिक पुर्वाधार र दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गरिने छ ।
- गाउँपालिकामा रहेका HIV AIDS संक्रमितहरुको खोजी गर्न आवश्यक कार्यक्रम र शिविरहरु संचालन गरिने छ ।
- गाउँपालिकामा रहेका क्षयरोगी पत्ता लगाउन विभिन्न कार्यक्रम र शिविरहरु संचालन गरिने छ ।
- गाउँपालिकामा पूर्ण खोपलाई निरन्तरता दिन छुट वच्चाहरुको खोजि गरी खोप अभियान कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सुत्केरीको संख्यामा वृद्धि गर्न महिला स्वास्थ स्वयम सेविकाहरुलाई परिचालन गरी संस्थागत सुत्केरी अभियान संचालन गरिने छ ।
- परिवार नियोजन प्रयोग कर्ताको दरमा वृद्धि गर्ने विभिन्न किसिमका सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।
- जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।
- महिला स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।
- सरकारी स्वास्थ्य केन्द्रहरुमा उपलब्ध हुने सेवा सर्बसुलभ वनाइने छ
- महिला स्वयम सेविकाहरुको प्रोत्साहन भत्तालाई निरन्तरता दिइने छ ।
- प्रजनन् स्वास्थ अन्तर्गत गर्भवती महिला समुह टिका कार्यक्रम सञ्चालन गरिने छ ।

**३ महिला, बालबालिका तथा लक्षित समूह**

- लक्षित समूह साक्षरता विकास कार्यक्रम संचालन गरिने छ ।
- ६ वर्षका वालवालिकाहरुलाई विद्यालय नपठाउने अभिभावकहरुलाई गाउँपालिकावाट प्रदान हुने सेवा सुविधा रोकावट गरिने छ ।
- अपाङ्ग, अशक्त, बृद्ध/बृद्धा तथा बाल मैत्री सार्वजनिक निर्माणका संरचनाहरु निर्माण गरिने छ ।
- गाउँपालिका भित्रका सांस्कृतिक पहिचान , झाँकि , विविधता युक्त विशेष परम्परा , भेषभूषा प्रचलनको खोजी र पहिचान गरी त्यसको अभिलेखिकरण तयार गरी संरक्षण र विकासको नीति वनाइने छ ।
- महिला बालबालिका आदिवासी जनजाती, दलित, ज्येष्ठ नागरिक, मधेशी मुस्लिम पिछडा वर्ग (लक्षित वर्ग) को विकास र उन्नतिको कार्यक्रमलाई उद्देश्यमुलक , पारदर्शी उपलब्धिमुलक वनाई कार्यक्रम तयार गर्ने नीति लिईने छ ।
- प्रत्येक घरको सन्देश छुवाछुत प्रथा माथि बन्देज, भोक्राहा गाउँपालिकाको सन्देश , छुवाछुत प्रथा माथिको बन्देज भन्ने नारा लाई आबश्यक कार्यक्रम बनाई अगाडी बढाईने छ ।
- नीति निर्माण, योजना अनुगमन लगायत क्षेत्रमा समावेशिता अवलम्बन गरिने छ ।
- पिछडिएका समुदायलाई विकासको मुल धारमा ल्याउन क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।
- सचेतनामूलक कार्यक्रहरु (सडक नाटक, होर्डिङबोर्ड, पर्चा पम्प्लेट, अन्तरक्रिया, गोष्ठी, श्रव्य दृश्य, कार्यक्रम आदि) संचालन गरिने छ ।
- सीपमुलक तथा आयमुलक तालिम प्रदान गरिने छ ।
- सहकारीको अवधारणा तथा संस्थागत क्षमता विकासलाई प्रोत्साहन गरिने छ ।
- बालबालिका रणनीतिक योजना निर्माण गरिने छ ।
- उपयुक्त स्थान चयन गरी बाल उद्यान निर्माण गरिने छ ।
- वृद्ध/वृद्धा आश्रम र अपांग गृह निर्माण गरिने छ ।
- गाउँपालिका र वडा कार्यालयहरुमा हेल्प डेक्स राख्ने व्यवस्था गर्दै जाने छ ।

**४. खेलकुद**

- रंगशाला निर्माणका लागि पहल गरी स्तरीय खेल प्रशिक्षण केन्द्रको पूर्वाधार निर्माण गर्न जग्गा प्राप्ति प्रक्रिया सुरु गरिने छ ।
- अन्तर विद्यालय खेलकुद आयोजना गरिने छ ।
- स्थानीय संघ संस्था र क्लबहरुलाई खेलकुद प्रवधर्नमा सहयोग गरिने छ ।

**(ग) <u>आर्थिक विकास योजना</u>**

**१. कृषि विकास**

- गाउँपालिकाले कृषि पकेट क्षेत्र निर्धारण गरी वाली विशिष्टीकरण गरिने छ ।
- गाउँपालिकाको पायक पर्ने स्थानमा कृषि उपज संकलन केन्द्र तथा चिस्यान केन्द्रको स्थापना गरिने छ ।
- कृषि तालिम, सेमिनार, गोष्ठी संचालन गरिने छ ।
- उत्कृष्ट कृषक सम्मान कार्यक्रम संचालन गरिने छ ।
- विउ बिजन तथा विरुवा वितरण कार्यक्रम संचालन गरिने छ ।
- विशेष कृषि उत्पादन कार्यक्रम संचालन गरिने छ ।
- दूग्ध संकलन र चिस्यान केन्द्रहरुको निर्माण गरिने छ ।
- अर्गानिक खेतिका लागि प्रोत्साहन गर्ने कार्यक्रम ल्याउइने छ ।
- सार्वजनिक जग्गाको पहिचान गरी माछापालन लगायत व्यवसायिक तथा नाफामूलक क्षेत्रमा उपयोग गरिने छ ।

**२. पर्यटन विकास**

- पर्यटन सूचना केन्द्रको स्थापना गरिने छ ।
- पर्यटकिय क्षेत्रलाई संरक्षण गरी पर्यटन पूर्वाधारहरुको विकास गरिने छ ।
- गाउँपालिका क्षेत्रमा  रहेको सिमसार क्षेत्रलाई संरक्षण गरी पर्यटन पूर्वाधार विकास गरिने छ ।
- पर्यटन पूर्वाधारको विकास गरिने छ । (मनोरन्जन पार्क, बाल उद्यान, सिमसार क्षेत्र, पिकनिक स्थल)
- स्थानीय मठ, मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थल, मस्जिद आदिको संरक्षण र जीर्णोद्दार गरिने छ ।

**३. औद्योगिक विकास**

- स्थानीय उद्यमीहरुको क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ ।
- स्थानीय समुदायमा व्यवसाय अभिमुखीकरण तालिम संचालन गरिने छ ।
- कृषिजन्य उद्योगको लागि पकेट क्षेत्र अनुसारको कृषि उद्योगको विकास गरिने छ ।
- औधोगिक क्षेत्र विस्तारको लागि संभाव्यता अध्ययन गरिने छ ।
- उद्यमशीलताको लागि लघु उद्यमी विकास तथा सहयोग कार्यक्रम संचालन गरिने छ ।
- उपलब्ध कच्चा पदार्थ (कृषिमा) आधारित उद्योग स्थापना र संचालन गरिने छ ।

**घ) वातावरण व्यवस्थापन योजना**

**१. वन तथा वातावरण संरक्षण**

- सुनसरी खोला किनारको बाँझो जमीनहरुमा बृक्षारोपण गरिने छ ।
- पूर्वाधार विकासमा वातावरण मैत्री अवधारणा लागू गरिने छ ।

- सार्वजनिक स्थलमा फोहोर विसर्जन कार्य निषेध गरी आफ्नो घर , कार्यालय संस्था छेउ फोहोर सफा राख्नु पर्ने दायित्व वोध गराउन आवश्यक नीति नियम , विनियम द्वारा नियन्त्रण गर्ने चेतना मुलक र प्रजातान्त्रीक प्रक्रिया अवलम्वन गरिने छ। सभ्य सुन्दर गाउँ निर्माणका लागी आवश्यक नीति योजना कार्यक्रम तय गरी कार्यन्वयन गरिने छ।
- सार्वजनिक जग्गा , पोखरीहरुको सरक्षण तथा व्यवस्थापन गरिने छ।
- गाउँपालिकाको मुख्य बजार र चौकहरुको डस्टबिनको व्यवस्था गरिने छ।
- फोहोर स्रोतमा नै न्यूनीकरण गर्न जनतेचना कार्यक्रम संचालन गर्ने।
- विद्यालयमा वातावरणीय सचेतना कार्यक्रम संचालन गरिने छ।
- विकास निर्माणमा वायो ईन्जिनियरिङ विधि अपनाइने छ।
- गाउँपालिका र मुख्य मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालयको निर्माण गरिने छ।
- वन संरक्षण गर्न वृक्षारोपण कार्यक्रम संचालन गरिने।
- सामुदायिक वन उपभोक्ता समूहहरुलाई क्रियाशिल वनाइने छ।

**२. बिपद व्वयस्थापन**

- बाढी र डुबान क्षेत्रहरुमा बाध निर्माण गरेर बृक्षारोपण गरिने छ।
- निजी, सामुदायिक तथा गैससलाई सहभागी गराइने छ।
- बाढीको दिर्घकालीन समस्या समाधानको लागि पक्की तटबन्ध निर्माण गर्दै लगिने छ।
- समुदाय तथा लक्षित समूहहरुलाई जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिने छ।
- सबै विद्यालयमा विपत जोखिम न्यूनीकरण र व्यवस्थापनको सचेतना तालिम सञ्चालन गरिने छ ।
- भवन निर्माण संहिता र निर्माण तथा योजना मापदण्ड कडाईका साथ लागू गरिने छ।

**ङ) संस्थागत विकास योजना**

**१. सेवा प्रवाह**

- स्थानीय तहबाट प्रदान गरिने दैनिक प्रशासनिक काम सेवाहरु चुस्त, छिटो छरितो गरि मुस्कान सहितको सेवा उपलव्ध गराउन क्षमतावान कर्मचारी भर्ना, कार्यक्षमता अभिवृद्धी गरी smart सेवा प्रदान गरिनेछ।
- अनुगमन तथा सुपरीबेक्षण, समिक्षा गोष्ठी, सार्बजनिक सुनुवाई, सार्बजनिक लेखा परीक्षण, प्रभाव मूल्याङकनमा जवाफदेहिता, पारदर्शिता र उत्तरदायी वनाइने छ।
- सरोकारवालाहरुलाई आबश्यक तालिम दिई अझ बढी सक्षम, योग्य र सवल बनाइने छ।
- सम्पूर्ण वडा कार्यालयहरुमा सुझाव पेटिका, नागरिक वडापत्रको व्यवस्था गरिने छ।
- नागरिक सन्तुष्टि सर्वेक्षण गरी यसको नतिजाको आधारता संस्थागत सुदृढीकरण गरिने छ।
- गाउँपालिकामा रहेका कार्यालयहरुबीच आपसी समन्वय स्थापित गरिने छ।

- कार्यालयमा Internet Governance System को बिकास गरिने छ ।
- गाउँपालिकामा मोवाईल एप्स निर्माण गरी गाउँवासीहरुलाई सहज सेवा सुविधा र सूचना प्राप्त गर्ने वातावरण निर्माण गरिने छ ।

**२. आन्तरिक राजश्व परिचालन**

- घर बहाल करको लगत तयार गरिने छ ।
- नक्शापास व्यवस्थित गरिने छ ।
- एकीकृत सम्पती एकीकृत सम्पती कर/ सम्पती कर कार्यान्वयन गरिने छ ।
- वजार व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराइ राजश्व वृद्धि गरिने छ ।
- वडा कार्यालयका राजश्व प्रशासन तथा आर्थक प्रशासनका कामहरुलाई अनिवार्य रुपमा कम्प्युटरकृत गरिने छ ।
- गाउँपालिकामा भएका उद्योग, व्यवसायिक फर्म तथा आर्थिक कारोवार गर्ने निकायहरु पहिचान गरी करको दायरामा ल्याईने छ ।

**आदरणीय उपस्थित गाउँ सभा सदस्यज्यूहरु,**

अव म यस बर्षको लागि प्रस्ताव गरेको आय व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु ।

आगामी आर्थिक वर्ष २०७५/०७६ को लागी भोक्राहा नरसिंह गाउँपालिकाको अनुमानित आय व्ययको बजेट चालु खर्च तर्फ ४ करोड ३१ लाख ४३ हजार र पुँजीगत खर्च तर्फ १७ करोड ६७ लाख र सशर्त अनुदान तर्फ ९ करोड १२ लाख गरी जम्मा रु ३१ करोड १० लाख ४३ हजार हुने अनुमान गरिएको छ ।

जसमा आय तर्फ,

नेपाल सरकारबाट वित्तिय समानीकरण अनुदान मार्फत १२ करोड १५ लाख, राजश्व वाँडफाँडवाट ७ करोड ८२ लाख ७३ हजार र शिक्षा तथा स्वास्थ्य आदि विषयगत कार्यालयहरुका लागी सशर्त अनुदान अन्तर्गत ९ करोड १२ लाख गरी जम्मा २९ करोड ९ लाख ७३ हजार रकम प्राप्त भएको ब्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । त्यस्तै आन्तरीक राजश्व तर्फ ८० लाख ७० हजार तथा संचित कोषमा रहेको रकम रु १ करोड २० लाख गरी जम्मा रु ३१ करोड १० लाख ४३ हजार आय वजेट अनुमान गरेको छु।

त्यस्तै व्यय तर्फ,

जनप्रतिनिधी, कर्मचारी तथा विषयगत कार्यालयका कर्मचारी, शिक्षक, स्वास्थ्य क्षेत्रका कर्मचारीहरुको तलब भत्ता र सबै कार्यालयहरुको प्रशासनिक तथा चालु खर्चको लागी जम्मा कुल आम्दानी (वित्तिय समानीकरण र आन्तरीक आम्दानी) को १९.% (रु ४ करोड २५ लाख ४३ हजार ) विनियोजन गरिएको छ।, त्यस्तै, विकास तर्फ पुँजिगत खर्चको लागी कुल आम्दानि (वित्तिय समानीकरण र आन्तरीक आम्दानी) को ८१.% (रु१७ करोड ७३ लाख ) विनियोजन गरिएको कुरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु ।

**आदरणीय उपस्थित गाउँ सभा सदस्य ज्यूहरु**, अब म यस गाउपालिकाका मुख्य प्राथमिकताका विषयहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**मुख्य प्राथमिकता दिएका केही विषयहरुः-**

- यस गाउँपालिकाको ठुला पूर्वाधार निर्माण ( सडक कालो पत्रे तथा अन्य पूर्वाधार ) का लागि ६ करोड ८० लाख विनियोजन प्रस्ताव गरेको छु साथै प्रत्येक वडावाट समेत ठला योजनाहरु समावेश गरेकव छु ।
- विपद व्यवस्थापनका लागि रु १२ लाख विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रको शैक्षिक सुधार तथा पुर्वाधार विकासका लागी आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- नदि नियन्त्रण तथा साना सिंचाइ आयोजनाका लागि आवश्यक वजेट  विनियोजन गरेको छु ।
- पशु तथा कृषि  क्षेत्रको  विकासका लागि रु ४० लाख विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रका सानातिना विकास निर्माण तथा मर्मत संभार , आपतकालिन खर्च गर्न कोष खडा गरी खर्च गर्ने गरी रु २८ लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाको प्रशासनिक भवन जग्गा खरिद तथा भवन निर्माणको लागी आवश्यक वजेटको व्यवस्था  गरेको छु ।
- भैपरि आउने पूजीगत वजेट /साझेदारी कोष (Matching Fund) को लागी  ५० लाख विनियोजन गरेको छु ।
- लक्षित वर्ग कार्यक्रमलाई ब्यबस्थीत र पारदर्शी वनाउन आबश्यक सीप , तालिम, पूर्बाधार निर्माण कार्यक्रमका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
- युवाहरुको खेलकुद विकासका लागी आवश्यक वजेटको व्यवस्था  गरेको छु ।

गाउँ सभाका सदस्य ज्युहरु,

योजनाको तर्जुमा जस्तै यसको कार्यान्वियन पनि महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रहरु सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा गाउँपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्ने सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट हार्दिक अनुरोध गर्न चाहन्छु ।

आज प्रस्तुत वजेट गाउँ सभाले स्वीकृत गर्नासाथ अविलम्ब यस भोक्राहा नरसिंह  गाउँपालिकाको वेव पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दै वजेट तथा कार्यक्रमको पूर्ण विवरण, गाउँ विकास योजना तर्जुमाका प्रस्तुत आधार तथा लिइएको नीतिहरुको विस्तारित खाका समेटिएको बार्षिक गाउँ विकास योजना पुस्तक बजेट पारित भए पछि यथाशीघ्र यहाँहरु समक्ष उपलब्ध गराउने बाचा समेत गर्दछु । योजना तर्जूमा आफैमा महत्वपूर्ण त हो नै तर यसको कार्यान्वियन हुन सकेन भने अपेक्षित प्रभाब छाड्न सक्दैन । अतः प्रस्तुत बजेट कार्यान्वयनमा सबै क्षेत्र र तहको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

हाम्रा नीति तर्जुमा गर्दा यस गाउपालिकामा क्रियाशिल राजनीतिक दल समाजसेवी वुद्धिजीवि नगरिक समाजका अगुवा पत्रकार नीजि क्षेत्र उद्योग वाणिज्य संघ आदि संघ संस्थाहरुवाट अमूल्य सुझाव संकलन गरिएको थियो । आगामी दिनमा गाउँपालिकाको सुसञ्चालनको लागि सवै राजनीतिक दल लगायत सवैको रचनात्मक सहयोगको अपेक्षा लिंदै आफ्नो तर्फबाट समेत पार्टिको नभई समग्र भोक्राहा नरसिंह र यहाँका जनताको साझा प्रतिनिधिको रुपमा सेवा गर्ने विश्वास यहाँहरुलाई दिलाउन चाहन्छु ।

अन्तमा, प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनु हुने गाउँकार्यपालिकाका सदस्यज्यूहरु, विषय क्षेत्रगत समितिका पदाधिकारीहरु, वजेट नीति तथा कार्यक्रम तर्जुमा समितिका संयोजकज्यू, कर्मचारी साथिहरु एवं सम्पूर्ण गाउँवासी दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यवाद**

स्थानीय सरकार

# भोक्राहा नरसिंह गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

चिरौली, सुनसरी

१ नं. प्रदेश

बजेट अनुमान २०७५/०७६

आय तर्फ

| क्र.सं. | आय संकेत नं. | आय शिर्षक | बजेट रकम |
|---|---|---|---|
| १ | ११३१३ | सम्पति कर | ३५०००००।०० |
| २ | ११३१३ | भुमिकर/मालपोत | ८००००००।०० |
| ३ | ११३२२ | वहाल विटौरी कर | ५००००।०० |
| ४ | १४४११ | बाडफाड भई प्राप्त हुने | ०।०० |
| ५ | १४४२१ | बाडफाड भई प्राप्त हने अन्य शुल्क | ०।०० |
| ६ | ११४४३ | शिक्षा सेवा शुल्क शैक्षिक संस्था | ५०००।०० |
| ७ | ११४४४ | शिक्षा सेवा शुल्क वैदेशिक अध्ययन | ४००००।०० |
| ८ | ११४५१ | सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर) | ८००००।०० |
| ९ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २५०००००।०० |
| १० | ११४७३ | अन्य मनोरञ्जन कर | ०।०० |
| ११ | ११६१३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३००००।०० |
| १२ | ११६९१ | अन्य कर | ५००००।०० |
| १३ | १३३२२ | विषेश पूजीगत अनुदान | ०।०० |
| १४ | १४१७१ | वन रोयल्टी | ०।०० |
| १५ | १४१७७ | घरजग्गा रजिष्टेशन | ०।०० |
| १६ | १४२२१ | न्यायिक दस्तुर | ०।०० |
| १७ | १४२२४ | परीक्षा शुल्क | ०।०० |
| १८ | १४२४२ | नक्सापास दस्तुर | ५००००।०० |
| १९ | १४२४३ | सिफारिस दस्तुर | ४०००००।०० |

| | | | |
|---|---|---|---|
| २० | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १६५०००।०० |
| २१ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३०००००।०० |
| २२ | १४२४९ | अन्य दस्तुर | ५००००।०० |
| २३ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ०।०० |
| २४ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५००००।०० |
| २५ | १५१११ | बेरुजू | ०।०० |
| **जम्मा आन्तरिक आय** | | | ८०७००००।०० |
| २६ | १३३११ | समानिकरण अनुदान | १२१५०००००।०० |
| २७ | ११३१२ | राजश्व बाँडफाँड अनुदान | ७८२७३०००।०० |
| २८ | ११३३१४ | शसर्त पूजीगत अनुदान | ९१२००००००।०० |
| **कुल जम्मा आम्दानी** | | | २९९०४३०००।०० |

स्थानीय सरकार

# भोक्राहा नरसिंह गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

चिरौली, सुनसरी

१ नं. प्रदेश

| बजेट अनुमान २०७५/०७६ | | | |
|---|---|---|---|
| आय विवरण | | आय | कैफियत |
| आन्तरिक आय | | | |
| १ | कर | ४००००००।०० | |
| २ | सेवा शुल्क | ३२३००००।०० | |
| ३ | दस्तुर | ७१००००।०० | |
| ४ | दण्ड जरिवाना | ११००००।०० | |
| ५ | अन्य आय | २००००।०० | |
| **जम्मा** | | ८०७००००।०० | |

| | | |
|---|---|---|
| संचित कोष | १२०००००००।०० | |
| वित्तीय समानीकरण | १२१५०००००।०० | |
| राजश्व वाँडफाँड | ७८२७३०००।०० | |
| सशर्त अनुदान | ९१२०००००।०० | |
| **कुल जम्मा** | ३११०४३०००।०० | |

स्थानीय सरकार

## भोक्राहा नरसिंह गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

चिरौली, सुनसरी

१ नं. प्रदेश

| आयशिर्षक | आ.ब.२०७५/०७६ का प्रस्तावित आय रकम | व्यय शिर्षक | आ.ब.२०७५/०७६ को प्रस्तावित व्यय रकम | **कैफियत** |
|---|---|---|---|---|
| नेपाल सरकारबाट प्राप्त अनुदान | | चालु खर्च शीर्षक | अनुदान | |
| संचित कोष | १२,०००,०००।०० | चालु खर्च | ४३,१४३,०००।०० | |
| आन्तरिक आय | ८०७००००।०० | पुजीगत खर्च | १७६,७००,०००।०० | |
| वित्तीय समानीकरण | १२१,५००,०००।० | सशर्त खर्च | ९१,२००,०००।०० | |
| राजश्व वाडफाड | ७८,२७३,०००।० | | ०।०० | |
| सशर्त अनुदान | ९१,२००,०००।० | | ०।०० | |
| **कुल जम्मा** | **३११०४३०००।००** | | **३११०४३०००।००** | |

# भोक्राहा नरसिंह गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

चिरौली, सुनसरी

१ नं. प्रदेश

बजेट अनुमान २०७५/०७६

चालु तर्फ

| क्र.सं. | खर्च संकेत नं. | खर्च शिर्षक नं. | बजेट रकम |
|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ७००००००।०० |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ३००००००।०० |
| ३ | २११२१ | पोषाक | ३०००००।०० |
| ४ | २११२३ | औषधी उपचार | २०००००।०० |
| ५ | २११३१ | स्थानीय भत्ता (स्वास्थ्य स्वयं सेविका) | ६०००००।०० |
| ६ | २११३२ | महंगी भत्ता | ०।०० |
| ७ | २११३३ | फिल्ड भत्ता | ३०००००।०० |
| ८ | २११३४ | कर्मचारी बैठक भत्ता | ४०००००।०० |
| ९ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५००००।०० |
| १० | २११३९ | अन्य भत्ता (अतिरिक्त समय भत्ता, शिशु स्याहार, दशै तिहार) | ५००००।०० |
| ११ | २११४१ | पदाधिकारी बैठक भत्ता | १५०००००।०० |
| १२ | २११४२ | पदाधिकारी अन्य सुविधा (सञ्चार पोषक, औषधी उपचार) | १५००००।०० |
| १३ | २११४९ | पदाधिकारी अन्य भत्ता | ४०००००।०० |
| १४ | २१२१४ | कर्मचारी अवकास कोष | ३०००००।०० |
| १५ | २२१११ | पानि बिजुली | १०००००।०० |
| १६ | २२११२ | सञ्चार | २०००००।०० |
| १७ | २२२११ | इन्धन पदाधिकारी | ४०००००।०० |
| १८ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | ९०००००।०० |
| १९ | २२२१३ | सवारी साधन मर्मत | ५०००००।०० |
| २० | २२२१४ | विमा तथा नविकरण खर्च | १५००००।०० |

| | | | |
|---|---|---|---|
| २१ | २२२२१ | मेशिनरी औजार मर्मत संभार तथा सञ्चालन खर्च | ३०००००।०० |
| २२ | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार खर्च | ३०००००।०० |
| २३ | २२२९१ | अन्य सम्पत्तीहरुको सञ्चालन तथा संभार खर्च | ५०००००।०० |
| २४ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १५०००००।०० |
| २५ | २२३१४ | इन्धन तथा अन्य प्रयोजन (डोजर सञ्चालन) | ८०००००।०० |
| २६ | २२३१५ | छपाई तथा अन्य प्रकाशन खर्च | ३०००००।०० |
| २७ | २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च (वडा कार्यालयहरु) | ५२०००००।०० |
| २८ | २२४११ | सेवा र परामर्श खर्च | ७०००००।०० |
| २९ | २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ५०००००।०० |
| ३० | २२४१३ | करार सेवा शुल्क | २००००००।०० |
| ३१ | २२४१४ | सरसफाई सेवा शुल्क | ५०००००।०० |
| ३२ | २२४१९ | अन्य सेवा शुल्क | २०००००।०० |
| ३३ | २२५११ | कर्मचारी तालिम खर्च | २०००००।०० |
| ३४ | २२५१२ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सञ्चालन खर्च | १००००००।०० |
| ३५ | २२५२२ | कार्यक्रम खर्च प्रवर्द्धनात्मक | २२०००००।०० |
| ३६ | २२५२९ | विविध कार्यक्रम खर्च | ५०००००।०० |
| ३७ | २२६११ | अनुगमन | ७०००००।०० |
| ३८ | २२६१२ | भ्रमण कर्मचारी | ७०००००।०० |
| ३९ | २२६१३ | विशिष्ट व्युक्ति तथा प्रतिनिधि मण्डलको खर्च | २०००००।०० |
| ४० | २२६१९ | अन्य भ्रमण खर्च (मुद्दा सम्बन्धि अन्य खर्च, न्यायिक समिति) | १००००००।०० |
| ४१ | २२७११ | विविध खर्च | १००००००।०० |
| ४२ | २२७२१ | सभा सञ्चालन खर्च | ५०००००।०० |
| ४३ | २५३११ | शैक्षिक संस्थालाई सहायता | ५०००००।०० |
| ४४ | २५३१२ | स्वास्थ्य संस्थालाई सहायता | ७९३०००।०० |
| ४५ | २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | १०००००।०० |
| ४६ | २५३१५ | अन्य सहायता | २०००००।०० |
| ४७ | २७२११ | छात्रवृत्ति | ५००००।०० |

| | | | |
|---|---|---|---|
| ४८ | २७२१२ | उद्धार राहत तथा पुनः स्थापना खर्च | १२०००००।०० |
| ४९ | २७२१३ | औषधी खरिद | १५०००००।०० |
| ५० | २८९११ | भैपरी आउने चालु खर्च | ५०००००।०० |
| ५१ | २८१४२ | घर भाडा | १००००००।०० |
| **कुल जम्मा** | | | **४३१४३०००।००** |

स्थानीय सरकार

## भोक्राहा नरसिंह गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

चिरौली, सुनसरी

१ नं. प्रदेश

| **बजेट अनुमान २०७५/०७६** | | | |
|---|---|---|---|
| पूजिगत तर्फ | | | |
| **क.स** | **खर्च संकेत नं.** | **खर्च शिर्षक** | **बजेट रकम** |
| १ | ३१३१२ | भवन निर्माण | ५,०००,०००।०० |
| २ | ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार | ३००,०००।०० |
| ३ | ३१११५ | फर्निचर तथा फिक्चर्स | १,२००,०००।०० |
| ४ | ३११२१ | सवारी साधन | २२०,०००।०० |
| ५ | ३११२२ | मेसिनरी तथा औजार | १,०००,०००।०० |
| ६ | ३११३१ | पशुधन तथा वागवानी विकास | ४,०००,०००।०० |
| ७ | ३११३२ | कम्प्युटर सफट्वेयर निमार्ण तथा खरिद खर्च एवम् अन्य बौद्धिक सम्पती प्राप्ती खर्च | ५००,०००।०० |
| ८ | ३११५१ | सडक तथा पुल निर्माण | ६८,०००,०००।०० |
| ९ | ३११५३ | विद्युत संरचना निर्माण | १,०००,०००।०० |
| १० | ३११५४ | तट्वन्ध तथा वाध निर्माण | ११८००००।०० |
| ११ | ३११५५ | सिंचाइ संरचना निर्माण | १००००००।०० |
| १२ | ३११५७ | वन तथा वातावरण संरक्षण | ५००,०००।०० |
| १३ | ३११५८ | सरसफाइ संरचना निर्माण | ५००,०००।०० |
| १४ | ३११५९ | अन्य सा.नि. (वडागत ) | ८०,०००,०००।०० |
| १५ | ३११७१ | पूजीगत सूधार खर्च सां.नि.( मर्मत ) | २,८००,०००।०० |
| १६ | ३११७२ | पूजीगत अनुसन्धान तथा परामर्श | ५००,०००।०० |
| १७ | ३१४११ | जग्गा प्राप्ती | ४,०००,०००।०० |
| १८ | ३१५११ | भैपरी आउने पूजीगत खर्च | ५,०००,०००।०० |
| **कुल जम्मा** | | | **१७६,७००,०००।००** |

स्थानीय सरकार

**भोक्राहा नरसिंह गाउँपालिका**

गाउँ कार्यापालिकाको कार्यालय

चिरौली, सुनसरी

१ नं. प्रदेश

| **बजेट अनुमान २०७५/०७६** | | |
|---|---|---|
| गाउँपालिका स्तरीय योजना | | |
| **क.सं.** | **खर्च संकेत नं. ३११५१** | **बजेट रकम** |
| १ | वडा नं. १ र २ को सिमाना अर्जुन मेहेताको घरदेखि दक्षिण पशुपती प्रा.वि. हुदै अकाहा वजार जोड्ने वाटो कालो पत्रे | ६५,००,०००। |
| २ | वडा नं. ४ साविक ७ नं. वडाको लोक मार्ग देखि उत्तर अकाहा वजार जाने वाटो कालो पत्रे | २,१०,००,०००। |
| ३ | वडा नं. ३ लोकमार्गको फूलचोक देखि उत्तर व्रम्हदेव यादवको घर हुदै वराहा न.पा.को सिमाना सम्म जा्ने वाटो कालो पत्रे | २,००,००,०००। |
| ४ | भोक्राहा नरसिंह वडा नं. ६ र ७ जनता मा.वि देखि दक्षिण पिपल चोक सवेन्द्र सरको घर देखि हनुमानी चोक सम्म कालो पत्रे | १,००,००,०००। |
| ५ | जनता मा.वि. भोक्राहा नरसिंह वडा नं. ७ भवन निर्माण तथा सम्पन्न गर्न | १५,००,०००। |
| ६ | कैजुम हाजीको घर देखि दक्षिण इव्राहिम अन्सारीको घर हुदै यादव टोल जाने वाटो कालो पत्रे | ५५,००,०००। |
| ७ | भोक्राहा नरसिंह गा.पा. वडा न. ५ को सुनसरी नदि पुल देखि पश्चिम जाने टप्रा हुदै  यादव टोल जोड्ने वाटो | ३५,००,०००। |
| **कुल जम्मा** | | **६८,०००,०००।००** |

स्थानीय सरकार

**भोक्राहा नरसिंह गाउँपालिका कार्यालय**

सुनसरी प्रदेश नं. १ नेपाल

# वडागत योजानहरु

## वडा नं. १

| सि.नं. | योजनाको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १ | झवर मेहताको घर देखि पश्चिम पुरानो वडा नं. ३ सँग जोडिने बाटो ग्राभेल गर्न । | ४०००००।- | |
| २ | कालु दाईको घर देखि उत्तर हरिपुर शाखा नहरसम्मको बाटो ग्राभेल गर्न । | २०००००।- | |
| ३ | बाहुन खोला पश्चिम सुम्पेतलाल मेहताको घर देखि हाल वडा नं. २ सँग जोडिने बाटोमा ग्राभेल । | ४०००००।- | |
| ४ | मिलन चौक देखि पूर्व कल्भर्ट देखि उत्तर भग्लु मेहताको टोल जाने बाटो ग्राभेल । | ४०००००।- | |
| ५ | कल्भर्ट देखि दक्षिण आर्यघाट जाने बाटो ग्रोभल गर्न । | २०००००।- | |
| ६ | सुकसेना शाखा नहरपूर्व आर्यघाट जानेबाटो ग्राभेल गर्न । | ३०००००।- | |
| ७ | सुकसेना शाखा नहर पश्चिम धनिलालको घर हुँदै यादव टोलसम्मको बाटो ग्रोभल गर्न । | ३०००००।- | |
| ८ | डोमी शर्माको घर देखि पश्चिम वडा नं. ३ सँग जोडिने बाटो ग्राभेल गर्न । | ५०००००।- | |
| ९ | धनिलाल उराँव जग्गामा रहेको राजाजी थान घेराबेरा गर्न । | १०००००।- | |
| १० | शारदा मा.वि. अगाडि रहेको दुर्गा मन्दिर निर्माण । | ४०००००।- | |
| ११ | डोमी शर्माको घर देखि पश्चिम रहेको ब्रम्हथानको बाँकी कार्य गर्न । | २०००००।- | |
| १२ | राजाजी थानको जमिन ढलान गर्न । | २०००००।- | |
| १३ | बिलेती चौक देखि उत्तर कालिमन्दिर हुँदै पूर्व शारदा मा.वि.सम्म जोडिने बाटो कालो पत्रे गर्न । | ६४०००००।- | |

**वडा नं. २**

| सि.नं. | योजनाको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ र २ को सिमाना अर्जुन मेहताको घर देखि दक्षिण पशुपती प्रा.वि. हुँदै अकाहा बजार जोड्ने बाटो कालोपत्रे गर्न । | ७५०००००।- | |
| २ | खेरा टोल कविरस्थान घेराबेरा गर्न । | १४०००००।- | |
| ३ | अकहा शिव मन्दिर निर्माण गर्न । | ९०००००।- | |
| ४ | भोक्राहा स्वास्थ्य चौकीको छतमा ट्रष्ट निर्माण गर्न । | २०००००।- | |

**वडा नं. ३**

| सि.नं. | योजनाको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १ | फुल चौकको रामजानकी धर्मशाला अधुरो । | ४०००००।- | |
| २ | किसुन घर छेउ रामजानकी अधुरो । | २०००००।- | |
| ३ | बालकृष्ण यादवको घर छेऊ थान । | २०००००।- | |
| ४ | विरेन्द्र सदस्यको घर पश्चिम मुसहरी टोलमा दिनाभद्री मन्दिर निर्माण । | २०००००।- | |
| ५ | धनेश्वर मेहताको घर देखि पूर्व देखि पूर्व सिसौ टोलको बाटो माटो पुरी कल्भर्ट । | १००००००।- | |
| ६ | सरवरिया टोल बाटो अधुरो । | ७०००००।- | |
| ७ | जगदेव घर छेऊ राजाजी अधुरो थान । | २०००००।- | |
| ८ | रामजानकी मन्दिर ३ र ४ को वडा बीच मलाहा टोल । | १५०००००।- | |
| ९ | मान्ती राम टोल राजाजी थान । | ३०००००।- | |
| १० | राजेश्वर यादव र सदानन्द यादवको घर देखी उत्तर रामेश्वर शर्माको घर हुदै मुकतार मियाँको घर हुदै खुनिया खोला जाने बाटो । | ५३०००००।- | |

**वडा नं. ४**

| सि.नं. | योजनाको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १ | साविक ७ नं. वार्डको मुल बाटोमा कालो पत्रको लागी । | ७६०००००।- | |
| २ | पृथ्वी नारायण आधारभुत विद्यालयमा कम्पाउण्ड घेराबेरा तथा साईकल स्टेन निर्माण । | ६०००००।- | |
| ३ | चिरौली प्रकाशपुर वाटोमा पर्ने जामिया इस्लामिया मर्दसा घेराबेरा । | ६०००००।- | |
| ४ | जामेतुल मोहसिना मर्दसा घेराबेरा (गर्लस विद्यालय) । | ५०००००।- | |
| ५ | मोडेल चौक देखी उत्तर मकसुद सद्स्यको घर सम्मको बाटोमाा ग्रावेलको लागी । | ५५०००००।- | |
| ६ | देवी थान झुलुङ्गेपुल निर्माण उपभोक्ता समिति लाई । | १५०००००।- | |

**वडा नं. ५**

| सि.नं. | योजनाको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १ | भोक्राहा नरसिंह गा.पा. ५ को मोसिम घर देखि पूर्व जाने र इनुश घर देखि मस्जीत सम्म सडक निर्माण । | ६०००००।- | |
| २ | भोक्राहा नरसिह गा.पा.५ को रामचरण यादब घर देखि पूर्व जाने सडक निर्माण ग्राइभेल कार्य । | ४,००,०००।- | |
| ३ | भोक्राहा नरसिंह गा.पा. ५ को राजाजी थान घेरा बेरा निर्माण कार्य । | ३,००,०००।- | |
| ४ | भोक्राहा नरसिंह गा.पा. ५ को आर्दश अधारभुत बिद्यालयका घेरा बेरा कम्पाउण्ड वाल निर्माण कार्य । | ६,००,०००।- | |
| ५ | भोक्राहा नरसिंह गा.पा. ५ को सुनसरी नदी पुल देखि पश्चिम जाने टप्रा हुदै रहुवा हुदै यादब टोल जोडने बाटो कालो पत्रे कार्य । | ६८,००,०००।- | |
| ६ | भोक्राहा नरसिंह गा.पा. ५ को इसलाहुल मर्दशा फनिर्चर , मर्मत सम्भार कार्य । | २,००,०००।- | |
| ७ | भोक्राहा नरसिंह गा.पा. ५ को मिलत एजुकेशन मर्दशा घेरा बेरा कार्य । | २,००,०००।- | |
| ८ | भोक्राहा नरसिंह गा.पा. ५ को मर्दशा तालीमुन कुर्रानको फर्निचर निर्माण कार्य । | २,००,०००।- | |
| ९ | लोकमार्ग देखी दक्षिण उराव टोल बाटो निर्माण कार्य | ३०००००।- | |

| | | | |
|---|---|---|---|
| १० | भोक्राहा नरसिंह गा पा ५ को बि.पी आर्दश अधारभुत बिद्यालय निर्माण मर्मत कार्य | ४,००,०००।- | |

**वडा नं. ६**

| सि.नं. | योजनाको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १ | भोक्राहा नरसिहं ०६ र ०७ को पिपल चौक सवेन्द्र साह घर देखि दक्षिण शिव शक्ति प्रा.वि.सम्मको बाटो कालो पत्रे गर्न | ६९,००,०००। | |
| २ | भोक्राहा नरसिहं ०६ को महाविर मण्डलको घर देखि पूर्व हुदै उत्तर रामदेव मेहताको घर नजिक जनता अधारभुत विघालय सम्मको बाटोमा माटो पुरी कलभट निर्माण तथा ग्राभेल । | १०,००,०००। | |
| ३ | भोक्राहा नरसिहं ६ र ८ को सिमाना उल्टी साह टोला देखि पूर्व थान सम्मको बाटोमा माटो पुरी ग्राइभल गर्न । | ५,००,०००। | |
| ४ | भोक्राहा नरसिहं ०६ को सराजूदिन को घर देखी जमाहर मेहताको घर सम्मको बाटोमा माटो पुरी ग्राइभल । | २,००,०००। | |
| ५ | पोखरेल कामत जाने बाटोमा हिरालाल मेहताको घर देखी पश्चिम मुसहरी को उत्तर तर्फको बाटोमा माटो पुरी ग्राइभल तथा विधुतीय पोल । | २,००,०००। | |
| ६ | भोक्राहा नरसिहं ०६ को उल्टी टोलामा राजिन्द्र साहको घर देखि उत्तर चिचाई साहको घर सम्मको बाटोमा माटो पुर्ने । | १,००,०००। | |
| ७ | भोक्राहा नरसिंह ६ को सरजुग साहका घर देखी उत्तर राजाजि थानमा घेरावारा निर्माण गर्न । | २०००००। | |
| ८ | उपेन्द्र साहको घर नजिक रहेको मन्दिर निर्माण सरक्षण सम्वर्धन । | ३०००००। | |
| ९ | भोक्राहा नरसिंह ६ को बौवालाल उरावको घर छेउमा रहेको थान निर्माण गर्नको लागि । | १०००००। | |
| १० | हरिकिसुन सदाको घर नजिक रहेको दिनाभद्री थान निर्माण । | १०००००। | |
| | **स्वास्थ्य तथा शिक्षा** | | |
| ११ | भोक्राहा नरसिहं ०६ को इसराईल अन्सारीको घर नजिक रहेको मदरसाको घेरावेराको लागि । | .२,००,०००। | |

| | | | |
|---|---|---|---|
| १२ | भोक्राहा नरसिहं ०६ को मदरसा दारुल फलाहमा कम्पाउन्ड वाल घेरावेराको लागि । | २,००,०००। | |

**वडा नं. ७**

| क.सं. | योजनाको नाम | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|
| १ | जगदेव यादवको घरदेखि पश्चिम सुकसेना नहरसम्मको बाटो ग्राभेल गर्ने । | ४४,००,०००। | |
| २ | काली मन्दिरदेखि पश्चिम र उत्तर जाने बाटो सुकसेना शाखा नहर सम्मको बाटो १ थान कलभट समेत ग्राभेल । | २६,००,०००। | |
| ३ | हनुमान चोकदेखि पूर्व नरसिंहनाथ सामुदायिक बनसम्मको बाटो छुट्याई माटो पुरी ग्राभेल गर्ने । | ८,००,०००। | |
| ४ | रामजानकी मन्दिर मण्डल टोलमा रहेको मर्मत तथा पुनः निर्माण । | ५,००,०००। | |
| ५ | खटर मण्डलको घरदेखि दक्षिण गुदर मण्डलको घरसम्मको बाटो ग्राभेल गर्ने | ३,००,०००। | |
| ६ | भगवानी यादवको घरदेखि पश्चिम राजाजी थान निर्माण । | ३,००,०००। | |
| ७ | वडामा खानेपानीको ट्युवेल वितरण गर्ने । | १,००,०००। | |
| ८ | स्वास्थ्य चौकी नरसिंह । | १,००,००० | |
| ९ | नरसिंहनाथ सामुदायिक बन छेउमा रहेको स्मसान घाट छेउमा मलामी बस्ने भवन निर्माण गर्ने । | ४,५०,०००। | |
| १० | गासाई साहको घर हुदै उत्तर सत्यनारायण मेहताको घर हुदै लिङ्कुको घर सम्म । | २०००००। | |
| ११ | दिनाराम भद्रि मन्दिरको वाल र टिना ड्रस मर्मतको लागि । | २५००००। | |

**वडा नं. ८**

| सि.नं. | योजनाको नाम | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|
| १ | बस्मतिया बोर्डर देखि उल्टीको रामजानकी मन्दिरसम्मको बाटो ग्राभेल गर्न । | १५०००००।- | |
| २ | बलवाही पूल देखि मेहता टोलसम्मको बाटो ग्राभेल गर्न । | | |

| | | | |
|---|---|---|---|
| | | १५०००००।- | |
| ३ | इबराहिम अन्सारीको घर देखि दक्षिण यादव टोल हुँदै थानसम्मको बाटो ग्राभेल तथा कल्भर्ट गर्न । | १७०००००। | |
| ४ | कैयुम हाजीको घर देखि दक्षिण इव्राहिम अन्सारीको घर हुदै यादव टोल जाने वाटो कालो पत्रे | १८,००,०००।- | |
| ५ | जनता आधारभूत विद्यालय देखि दक्षिण भन्सारसम्मको बाटो माटो पुर्ने कार्यका लागि । | ५०००००।- | |
| ६ | इलियास मन्सुरीको घर देखि पूर्व दक्षिण समिन घरसम्मको बाटो माटो पुरी ग्राभेल गर्न । | २०००००।- | |
| ७ | कलिम मियाँ घर देखि उत्तर सडक देखि पूर्व रहेको कब्रिस्थान घेराबेराका लागि । | ६०००००।- | |
| ८ | युसुफ घर अगाडि रहेका मर्दशा मस्जिद घेराबेरा गर्नका लागि । | ४०००००।- | |
| ९ | रामजानकी मन्दिर (उल्टी) निर्माण गर्न । | ८०००००।- | |
| १० | शलीम मियाँको घर देखी पश्चिम साहटोल जाने वाटोमा रहेको थान सम्म माटो र ग्राभेल गर्न । | ७०००००।- | |
| ११ | सरसफाई तथा चर्पी निर्माण कार्यक्रमका लागि । | ३०००००।- | |

## बैठकका निणर्यहरु :

### निणर्य नं.१

भोकाहा नरसिंह गाउँपालिका आ.वा. २०७५।०७६ का लागि आय तर्फ रु ३१,१०,४३,०००। र व्यय तर्फ ३१,१०,४३,०००। को बजेट अनुमान गरी बजेट नीति तथा कार्यक्रम गाउँसभाबाट सर्वसम्मतले स्विकृत गरी पारित गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

आजको गाउँसभा बैठकबाट भोकाहा नरसिंह गाउँपालिकाको विनियोजन ऐन २०७५ लाई सर्वसम्मत बाट स्विकृत गरी निर्णय पारित गरियो ।

### निर्णय नं.३

भोक्राहा नरसिंह गाउँपालिकाका आर्थिक ऐन २०७५ पाना २४ लाई आजको गाउँसभाबाट सर्वसम्मतले स्विकृत गरी निर्णय गरियो ।

**निर्णय नं.४**

प्रर्वद्धनात्मक र सिपमुलक कार्यक्रम शिर्षकको बजेट गाउँपालिकाबाट सुचना जारी गरी मागको आधारमा गाउँकार्यपालिकाको बैठकले निर्णय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५**

आगामी आ.व.को सुरुवात बाटै व्यक्तिगत घटना दर्ता अनलाईनबाट मात्र गर्ने भनि सर्व सम्मतबाट निणर्य गरियो ।

**निणर्य नं. ६**

एकीकृत सम्पत्तिकर/सम्पत्तिकर आ.व.०७५।०७६ देखि अनिवार्य लगाउने तथा यसरी यस्ता कर लगाउँदा तिन महिना भित्र मालपोतको बाँकी बक्यौता तिर्न सेवाग्राही आएमा जरीवाना सत प्रतिसत छुट दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७**

१० (दश) लाख भन्दा माथिको निर्माण कार्य गराउँदा उपभोक्ता समितिबाट नगराउने भनि सर्वसम्मत निणर्य गरियो ।

**निर्णय नं. ८**

५ लाख भन्दा माथिको योजना जनश्रमदान वापत २०% (बिस प्रतिशत) रकम गाउँपालिकाको खातामा जम्मा गरे पश्चात मात्र योजना सम्झौता गर्न सर्वसम्मत निणर्य गरियो ।

**निणर्य नं.९**

गाउँपालिकाबाट सम्झौता नगरी कुनै योजना कार्यक्रम संचालन गरेमा गाउँपालिकाले कुनै भुक्तानी दिने छैन भनी सर्ब सम्मत निणर्य गरियो ।

**निणर्य नं. १०**

गाउँसभालाई भए सरहको अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गर्ने र यसरी प्रत्यायोजन अधिकारबाट भए गरेका कार्यक्रमहरु गाउँसभाबाट अनुमोदन गराउनुपर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ११**

आगामी आ.व. देखि विकास निर्माण कार्यहरुको गाउँपालिकाले भुक्तानी गर्दा वडा कार्यलयको सिफारिस अनिवार्य हुनु पर्ने निणर्य गरियो ।

**निर्णय नं. १२**

चिरौली चोक प्रकाशपुर सडकको सिमक्षेत्र निर्धारण गर्ने कार्य सम्बन्धित वडा कार्यालय र गाउँपालिकाले संयुक्त रुपमा सुरुवात गर्ने निर्णय गरियो ।

**निणर्य नं. १३**

विगतमा निणर्य भएका घर भवन तथा संरचनालाई समेत अनिवार्य रुपमा नक्सा पासको प्रमाणपत्र लिनु पर्ने निर्णय गरियो ।

**निणर्य नं. १४**

१ नं. प्रदेश सरकारले तोके बमोजिमको चालु आ.व.०७४।०७५ को श्रावण देखि जनप्रतिनिधिलाई सेवा सुविधा वितरण गर्ने कार्यपालिकाको निणर्यलाई सर्व सम्मत अनुमोदन गरी निर्णय पारित गरियो ।

**निर्णय नं. १५**

यस गाउँपालिकाको चालु आ.व.को आन्तरिक लेखा परीक्षणका लागि लेखा परीक्षक कम्पनि वा फर्मलाई सुचना जारी गरी घटाघटमा सबैभन्दा कम अंक कबोल गर्ने व्यक्ति फर्म वा कम्पनी लाई नियुक्ती गरी गाउँपालिकाको आन्तरिक लेखा परिक्षण गराउने भनि सर्वसम्मत निर्णय गरियो ।

**निणर्य नं. १६**

आगामी आ.व. २०७५।०७६ बाट सबै सडक हरुमा अनिवार्य वृक्षा रोपण गर्नु पर्ने तथा सो कार्य नगरी भुक्तानी लिन आएमा गाउँपालिकावाट भुक्तानी नदिने निर्णय गरियो ।

**निर्णय नं. १७**

शुन्य पेश्की नीतिलाई निरन्तरता दिने निणर्य गरियो ।

**निणर्य नं. १८**

यस भोक्राहा नरसिंह गाउँपालिका क्षेत्रबाटा प्रकाशन हुने पत्रिकाको हकमा लोक कल्यनकारी गाउँपालिका स्तरीय विज्ञापनका लागि मासिक रु १०००। र छिमेकी गाउँपालिका तथा नगरपालिकाबाट प्रकाशन हुने भएका पत्रिकाहरुलाई रु ५००। उपलब्ध गराउने भनी निर्णय गरियो ।

**निर्णय नं. १९**

२०५० साल भन्दा अगाडिको मालपोत बक्यौता उठाउदा निर्धारण गर्नुपर्ने दर निर्धारण गर्न गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

भोक्राहा नरसिंह गाउँपालिका क्षेत्र भित्र १८ वर्ष भन्दन कम उमेरका किशोर किशोरी तथा बालबालिकाहरुलाई मदिरा बेच्न नपाउने तथा मदिरा बेच्दा अनिवार्य अनुमती पत्र लिएर मात्र बेच्न पाउने भनी सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २१**

आगामी ५ वर्ष भित्र भोक्राहा नरसिंह गाउँपालिकालाई बाल विवाह तथा दाईजो प्रथा मुक्त क्षेत्र घोषणा गर्ने सर्वसम्मतले निर्णय गरियो ।

## निर्णय नं. २२

आगामी वर्षको बजेटमा वडा नं. ८ लाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रतिबद्धता सहित निर्णय गरियो ।

## निर्णय नं. २३

भोकाहा नरसिंह गाउँपालिकाका सहिदहरु श्री स्व. छतर खत्वे, श्री स्व. ब्रहमदेव उराव, श्री स्व. राजेन्द्र प्रशाद मेहतालाई यस सम्मानित गाउँसभाबाट सम्मन प्रकट गर्दै आवश्यक कार्यक्रम ल्याउन गाउँकार्यपालिकालाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

स्थानीय सरकार

**भोक्राहा नरसिंह गाउँपालिका**

गाउँ कार्यापालिकाको कार्यालय

चिरौली, सुनसरी

१ नं. प्रदेश

**प्रदेश तथा संघमा माग गर्ने योजनाहरु**

**वडा नं. १**

**प्रदेश स्तरीय :**

१. मिलन चौक देखि दक्षिण हाल वडा नं. ४ सँग जोडिने बाटो कालो पत्रे गर्न रु. ८००००००।- (अस्सि लाख)

२. शारदा मा.वि. को भवन माथि सभा हल निर्माण गर्न रु. ५०००००।- (पाँच लाख)

३. खोला नियन्त्रण गर्नका लागि रु. २५०००००।- (पच्चिस लाख)

यस वडा अन्तर्गत ठूला योजना संचालन गर्नका लागि वडा बजेट गा.पा. बजेट पनि अपुग हुने हुँदा केन्द्र, प्रदेश, संघ समेतलाई योजना छनोट गरी स्टेटमेन्ट गरी पठाउने ।

**वडा नं. २**

**प्रदेश स्तरीय :**

१. राम प्र. खत्वेको घर देखि पूर्व मुसहरी टोल सुखाई मेहताको घर देखि उत्तर लक्ष्मण मेहताको घर सम्म बाटोमा माटो पुरी ग्राभेल रु. ३००००००।- (तिस लाख)

२. कलिम मियाँको घर देखि उत्तर हाइवे पश्चिम कृषि सडकमा जोड्ने बाटो ग्राभेल रु. २००००००।- (बिस लाख)

३. तफेजुल मर्दशा देखी दक्षिण २ नं. को सिमानासम्म बाटो निर्माण ग्राभेल गर्न रु. २००००००।- (बिस लाख)

४. ऐजुब मियाँको घर देखि नहरसम्म ग्राभेल गर्न रु. १५०००००।- (पन्ध्र लाख)

५. भोक्राहा २ अकाहा देखि मेहता टोल हुँदै १ नं. सिमानाहरु जोड्ने बाटो कालोपत्रे गर्न रु. २०००००००।- (दुई करोड)

६. अकाहा बजार देखि वडा कार्यालय पूर्व नहरसम्मको बाटो कालोपत्रे गर्न रु. १०००००००।- (एक करोड)

७. अकाहा बजार देखि नहरसम्मको बाटो कालोपत्रे गर्न रु. १०००००००।- (एक करोड)

**संघ स्तरीय :**

१. चिरौली प्रकाशपुर कालो पिच सडकको दुबै छेउमा ढल निकाशा गर्न रु. ५०००००००।- (पाँच करोड)

२. अकाहा बजारमा खानेपानी ट्यांकी निर्माण गर्न रु. ५०००००००।- (पाँच करोड)

**वडा नं. ३**

**प्रदेश स्तरीय :**

१. डलुवा टोल पूर्व कृषि बाटोमा माटो पुर्न रु. १५०००००।- (पन्ध्र लाख)

२. हरिकिसुन खत्वेको घर पूर्व पाण्डवको घरसम्म कल्भर्ट सहित रु. १५०००००।- (पन्ध्र लाख)

३. फुल चौक शिवगंज राजमार्ग छेऊमा प्रतिक्षालयलाई तथा शौचालय निमार्ण रु. १५०००००।- (पन्घ्र लाख)

४. डलुवा टोल पश्चिम र शिवगन्ज पूर्व रहेको टोल पोदार टोल देखि सुकसेनासम्म भि.सि. मर्मत रु. ५००००००।- ( पचाँस लाख)

५. डलुवा टोल पूर्व रहेको पैनी सफाई तथा बोरिङ्ग सोलार रु. २५०००००।- (पच्चिस लाख)

६. शिवमुनी स्कुल, रामसिता स्कुल, जनता आधारभूत स्कुल, सरस्वती आधारभूत स्कुलको लागि जम्मा रु. २५०००००।- (पच्चिस लाख)

७. खुनिया धार सरसफाई रु. २५०००००।- (पच्चिस लाख)

८. सिचाईं नपुगेको ठाउँमा वडा भरी सोलार बोरिङ्ग १५ ठाउँको रु. ५००००००।- (पचास लाख)

९. डलुवा टोल हुँदै खेरा टोल, खत्वे टोल, सिसौ टोल हुँदै चन्द्रदेव यादवको घर छेऊ मन्सुरी चौक प्रकाशपुर जाने बाटो कालो पत्रे गर्न रु. १०००००००।- (दश करोड)

१०. फुल चौक देखि उत्तर शिवगन्ज टोल हुँदै बराहक्षेत्र न.पा. छुने गरी कालोपत्रे पिचका लागि रु. ८०००००००।- (आठ करोड)

११. डलुवा टोल पश्चिम रहेको राजाजी थान घेराबेरा तथा बृक्षारोपण रु. १५०००००।- (पन्ध्र लाख)

१२. डलुवा टोल राजमार्ग छेउमा प्रतिक्षालय नजिक शौचालय तथा माटो पुर्ने रु. १५०००००।- (पन्ध्र लाख)

१३. सुनौलो बिहानी सिकाई केन्द्र घेराबेरा शौचालय रु. १५०००००।- (पन्ध्र लाख)

१४. मन्ती राम टोलको बाटो डिक्ली टोल हुँदै दामोदर यादवको घर सम्म कल्भर्टका सहित रु. १५०००००।- (पन्ध्र लाख)

१५. डलुवा टोल हुँदै खेरा टोल, खत्वे टोल सिसौ टोल हुँदै चन्द्र यादवको घर छेउबाट मन्सुरी चौक प्रकासपुर जाने बाटो जोड्ने कालो पत्रे पिच रु. १०००००००।- (दश करोड)

१६. फुल चौक देखि उत्तर शिवगन्ज हुँदै सरवरिया टोल समेत बराह न.पा. लाई छुने गरी कालो पत्रे पिच रु. ८०००००००।- (आठ करोड)

**संघ स्तरीय :**

१. भोक्राहा नरसिंह गा.पा. वडा नं. ३ स्थित वडा कार्यालय नजिक स्वास्थ्य चौकी तथा प्रहरी चौकी रु. १०००००००।- ( एक करोड)

२. हरिपूर शाखा देखि दक्षिण अकाहा बजार पश्चिम लवटोलिया हुँदै वडा नं. ३ र ४ को बीचमा रहेको रामजानकी मन्दिर पश्चिमबाट लोकमार्ग देखि दक्षिण बसन्तपुरसम्मको नहर रु. ५०००००००।- (पचास करोड)

**<u>वडा नं. ४</u>**

**प्रदेश स्तरीय :**

१. यूवा वर्ष प्रा.वि.मा फर्निचर रु. १०००००।- (एक लाख)

२. वडा परिसर घेरावेरा हल मर्मत तथा पार्किङ्ग रु. १००००००।-(दश लाख)

३. प्रहरी चौकीको शौचालय घेरावेराको लागी रु. १००००००।-(दश लाख)

४. शिव मन्दिर अधुरा निर्माण कार्य पुरा गर्न रु. २५०००००।-(पच्चीस लाख)

५. विद्यालयमा नमुना विद्यालय बनाउनको लागी विज्ञान सामग्री खरीदको लागी रु. ५०००००।-(पाचँ लाख)

६. चिरौली चौक देखी पश्चिम लपटोलिया जाने बाटोमा पर्ने श्रीराम मन्दिरको घेराबेराको लागी रु. १००००००।-(दश लाख)

७. ब्रहमदेव उरावँ स्मृती मण्डेला प्रा.वि.मा कम्पाउण्ड घेरा बेरा रु. ५०००००।-(पाचँ लाख)

८. सुनसरी खोला छेउको इदगाहा कबृष्तान कम्पाउण्ड घेराबेरा गर्न रु. १००००००।-(दश लाख)

९. ककडो थान कम्पाउण्ड घेराबेरा गर्न रु. ३०००००।-(तिन लाख)

१०. जनता चौक देखीको राजाजी थानको कम्पाउण्ड घेराबेरा गर्न रु. ३०००००।-(तिन लाख)

११. वाल विकास केन्द्रलाई व्यवस्थापन तथा खेल सामग्री रु. ३०००००।-(तिन लाख)

१२. वन व्यवस्थापन लाई रु. २०००००।-(दुइ लाख)

१३. पुर्ण बहादुर राईको घरदेखी पुर्व खोला सम्मको बाटोमा माटो पूरी ग्रावेल गर्न रु. ४०००००।-(चार लाख)

१४. लक्ष्मण मेहताको घरदेखी पश्चिम जाने बाटो पारस उरावँको घर हुदै सुखसेना शाखाको नहरको पुल सम्मको बाटोमा माटो पुर्न रु ५०००००।-(पाचँ लाख)

१५. सतो उराँवको घर देखी पश्चिम ब्रहमदेव उराँवको घर हुदै पारसलालको घर हुदै ब्रहमदेव उरावँ स्मृती मण्डेला प्रा.वि. हुदै हुलाकी राजमार्ग सम्म ग्रावेल गर्न रु. ७०००००।-(सात लाख)

१६. सुनसरी खोलामा पर्ने झुलुङ्गे पुलको मुखमा ढुङ्गा क्रेटिङ्ग गर्न रु. ४०००००।-(चार लाख)

१७. गत वर्षको बाढीले सुनसरी खोलासंग जोडीएको बाटोमा भएको भंगालोमा माटो पुरी मर्मत गर्न रु. ५०००००।-(पाचँ लाख)

१८. चिरौली चौक लोक मार्ग देखी प्रकाशपुर हुदैं चतरा धाम ब्राहक्षेत्र सम्म जोडने बाटोमा ढल निकासको लागी रु. २५००००००।-

१९. सुनसरी खोलाको पश्चिम तर्फ वडा नं.१ को सिमाना देखी दक्षिण लोक मार्ग सम्म तटबन्ध रु. १०००००००।

**<u>वडा नं. ५</u>**

**प्रदेश स्तरीय :**

१. भोक्राहा नरसिंह गा.पा. ५ को सुनसरी नदी पुल देखि पश्चिम जाने टप्रा हुदै रहुवा हुदै यादब टोल जोडने बाटोमा ढल नाला निमार्ण कार्य गर्न रु. २००००००। (बीस लाख)

२. भोक्राहा नरसिंह गा.पा. ५ को रहुवा को ऐलानी जग्गा छुटयाई ताल सिमसार निर्माण कार्य गर्न सम्भबयता अध्ययन र योजना निर्माण गर्न रु. ५०००००। (पाँच लाख)

३. भोक्राहा नरसिंह गा.पा. ५ को क्रेटिङग पुल मर्मत कार्य गर्न रु. १००००००। (दश लाख)

४. भोक्राहा नरसिंह गा.पा. ५ को राजमार्ग देखी दक्षिण बाबा पेपर मिल्स हुदै अरबिन्द कामत हुदै टप्रा हुदै मर्दशा सम्मको बाटो मा ढल नाला निर्माण कार्य गर्न रु. ४००००००। (चालिस लाख)

५. भोक्राहा नरसिंह गा.पा. ५ को जन्ता चौक देखि दक्षिण रहमतुला घर सम्म हुदै पुरानो गाबिस जोडने बाटो स्तरउन्नती कार्य गर्न रु. १००००००। (दश लाख)

